# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४३) काठमाडौं, कात्तिक ५ गते २०५० साल (अतिरिक्ताङ्क ४२

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको सूचना १

सम्माननीय प्रधानमन्त्री श्री गिरिजाप्रसाद कोइराला मित्रराष्ट्र चीनको स्वशासित क्षेत्र तिव्वतको निजी भ्रमणको सिलसिलामा २०५० साल कात्तिक १४ गते त्यसतर्फ जानु हुने भएको र माननीय आवास तथा भौतिक योजना मन्त्री श्री बलबहादुर राई पनि शहरी विकास सम्बन्धी मन्त्रीस्तरीय सम्मेलनमा भाग लिन यही कात्तिक १३ गते थाइल्याण्ड तर्फ जानु हुने भएकोले सम्माननीय प्रधानमन्त्रीको अनुपस्थितिमा प्रधानमन्त्रीले गर्ने कार्यहरूका साथै उहाँले सम्हाली आउनु भएको राजदरबार सम्बन्धी, रक्षा र परराष्ट्र मन्त्रालयहरूको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय आबास तथा भौतिक योजना मन्त्री श्री बलबहादुर राई फर्कनु भएपछि उहाँले नै सम्हाल्ने गरी उहाँ नफर्कनु भएसम्म माननीय पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री रामहरि जोशीले सम्हाल्नु हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना २

माननीय आवास तथा भौतिक योजना मन्त्री श्री बलबहादुर राई थाइल्याण्डको राजधानी बैंककमा हुने शहरी विकाससंग सम्बन्धित मन्त्रीहरूको मन्त्रीस्तरीय सम्मेलनमा भाग लिन २०५० साल कात्तिक १३ गते त्यसतर्फ जानुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाँली आउनु भएको आवास तथा भौतिक योजना मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय गृह मन्त्री श्री शेरबहादुर देउपाले सम्हाल्नु हुनेछ ।

हुकुम बक्से बमोजिम,
रेवतीरमण खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार
२६४